आज मिति २०७६ चैत्र १० गते सोमबार बिहान ८:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ |
| सदस्य - श्री देवेन्द्रकुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ |
| सदस्य - श्री सीता तिमिल्सिना | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री बिन्दु तामाङ | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मीठु परियार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मैया के.सी. (खत्री) | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री सरोज दनुवार | नगरकार्यपालिका सदस्य |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | नगरकार्यपालिका सदस्य |
| सदस्य सचिव - श्री कृष्णप्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |

**एजेण्डाः**

१. कोरोना भाइरस विरूद्धको कार्यक्रम सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं. १ कोरोना भाइरस बिरूद्धको कार्यक्रम सम्बनधमाः** छलफल हुँदा विश्वव्यापी रूपमा फैलिएको नोबल कोरोना भाइरसबाट हुने जोखिम न्यूनिकरण गरी यस नगरपालिकाका नगरबासीहरूलाई सुरक्षित राख्न देहायका कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिलः**

- यस कार्यालय र अन्तर्गतबाट प्रवाह हुने स्वास्थ्य सेवा लगायत अत्यावश्यक सेवाहरू निरन्तर जारी राख्ने ।
- कार्यालयका बाँकी सेवाहरू २०७६ चैत्र २१ गतेसम्मलाई स्थगित गर्ने ।
- यस नगरपालिकाभित्र उपभोग्य वस्तुहरू नियमित उपलब्ध गराउन व्यवसायीहरूलाई अनुरोध गर्ने ।
- खाद्यन्न लगायत दैनिक उपभोग्य वस्तुहरू उपलब्ध हुन नसकेमा सम्बन्धित वडाध्यक्षज्यू र नगरप्रमुखज्यूलाई सूचना दिने ।
- यस गोदावरी नगरपालिकाभित्र बजार लगायत कोरोना भाइरबाट हुने जोखिम न्यूनिकरण गर्न अनुगमन गर्न तपसिल बमोजिम अनुगमन टोली गठन गरी परिचालन गर्ने ।

  **तपसिल**

  | | |
  |---|---|
  | श्री गजेन्द्र महर्जन (नगरप्रमुख) | - संयोजक |
  | सम्बन्धित वडाका वडाध्यक्ष | - सदस्य |
  | सम्बन्धित वडाका कार्यपालिका सदस्य | - सदस्य |
  | सम्बन्धित प्रहरी कार्यालयका प्रतिनिधि | - सदस्य |
  | प्रतिनिधि उद्योग वाणिज्य संघ गोदावरी | - सदस्य |

- टोल-टोलमा १ जना स्वास्थ्यकर्मी, ३ जना महिला स्वयंसेविका र १ जना सम्बन्धित वडाको जनप्रतिनिधिको टोली टोल-टोलमा साबुन पानीले हात धुने तथा सरसफाई सम्बन्धी प्रचार-प्रसार र अनुगमनका लागि खटिने ।
- प्रत्येक वडाको कम्तीमा ३ वटा चोक परेको स्थानमा नगरपालिका कार्यालयबाट सूचना सहित १०० लिटर पानी सहितको ड्रम, साबुन राख्ने ।
- अत्यवश्यक बाहेकका सेवा प्रवाह चैत्र २१ गतेसम्मका लागि स्थगित भएता पनि विपदको बेला कुनैपनि समयमा काममा खटिनु पर्ने सम्भावना रहेकोले सबै कर्मचारीहरूलाई उच्च सतर्कताका साथ सम्पर्कमा रहन निर्देशन दिने ।